# काठमाडौं महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्याः- २०८०/०८१ (शिक्षा विभाग)

चलानी नं.:-

मिति २०८०/१२/२३

विषय : आधारभूत तह (कक्षा - ८) उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन सम्बन्धी सूचना ।

श्री कक्षा ८ सञ्चालित सम्पूर्ण विद्यालयहरु,
काठमाडौं महानगरपालिका।

काठमाडौं महानगरपालिकाबाट मिति २०८०/१२/०२ गतेदेखि २०८०/१२/०९ गतेसम्म सञ्चालन भएको शैक्षिक सत्र २०८० को आधारभूत तह (कक्षा - ८) उत्तीर्ण परीक्षाको अन्तिम नतिजा तपसिल बमोजिम प्रकाशन गरिएको व्यहोरा आधारभूत तह परीक्षा समितिको मिति २०८०/१२/२३ गतेको निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१. विद्यालयले कक्षा ८ परीक्षाको सफ्टवेयरबाट विद्यालयको समग्र नतिजा र विद्यार्थीहरुले **sresult.kathmandu.gov.np** मा सिम्बोल नम्बर र जन्म मिति प्रविष्ट गरी आफ्नो नतिजा हेर्न सक्नेछन् ।

२. विद्यालयले कक्षा ८ को सफ्टवेयरमा इन्ट्रि गरेको प्राप्ताङ्कका आधारमा नतिजा प्रकाशन गरिएको छ । नतिजामा कैफियत देखिएमा आजको मितिले ७ (सात) दिनभित्र विद्यालयले त्यस्ता विद्यार्थीहरुको उत्तरपुस्तिका संलग्न गरी पत्रसहित शिक्षा विभागमा निवेदन दिनुपर्नेछ ।

३. लेटर ग्रेडिङ निर्देशिका, २०७८ (संशोधनसहित) बमोजिम विषयगत रूपमा सैद्धान्तिकतर्फ बढीमा दुई विषयमा D ग्रेड (३५% अङ्क) प्राप्त नगरेका विद्यार्थीहरुले ग्रेड वृद्धि (पूरक) परीक्षा दिन चाहेमा विद्यालयमा निवेदन दिई तपसिल बमोजिम ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउनेछन् । ग्रेड वृद्धि परीक्षाका लागि प्रश्नपत्र शिक्षा विभागबाट निर्माण भई सम्बन्धित स्रोतकेन्द्रबाट वितरण गरिनेछ ।विद्यालयले तोकिएको मितिमा बिहान १०:३० बजेदेखि स्वच्छ र मर्यादित रुपमा परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

| मिति | २०८१/१/ ९ गते | २०८१/१/ १० गते | २०८१/१/ ११ गते | २०८१/१/ १२ गते | २०८१/१/ १३ गते | २०८१/१/ १४ गते | २०८१/१/ १५ गते |
|---|---|---|---|---|---|---|---|
| विषय | अङ्ग्रेजी | गणित | नेपाली | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | स्थानीय विषय (नेपाल भाषा/तामाङ भाषा) |

४. विद्यालयले प्रत्येक दिनको परीक्षा समाप्त भएपश्चात विद्यालयका विषय शिक्षकबाट उत्तरपुस्तिका परीक्षण गरी/गराई प्राप्ताङ्कको विवरण सम्बन्धित स्रोत केन्द्रमा पेश गर्नुपर्नेछ ।

५. ग्रेड वृद्धि परीक्षाको नतिजापश्चात मात्र ग्रेडशिट विद्यालयगत रुपमा स्रोतकेन्द्रबाट वितरण गरिनेछ ।

सरस्वती पोखरेल
नि. बिभागीय प्रमुख

बोधार्थ :
श्री सूचना प्रविधि विभाग, का.म.पा, सूचना वेवसाइटमा अपलोड गरीदिनु हुन ।
श्री सबै स्रोत केन्द्र, का.म.पा, समन्वय र सहजीकरणका लागि ।

फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२४९१९० (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेलः kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइटः www.kathmandu.gov.np